# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी,माघ ६ गते,२०७६ साल(संख्याः२०


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको शिक्षा (दोश्रो संसोधन ) नियमावली २०७६

स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको शिक्षा (दोश्रो संसोधन ) नियमावली २०७६

**प्रस्तावना ः**

मुसिकोट नगरपालिकाको शिक्षा नियमावली(यस पछि मूल नियमावली भनि सम्वोधन गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरकार्यपालिकाको वैठकले शिक्षा नियमावलीलाई देहाय वमोजिम संसोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** ः(१) यस नियमावलिको नाम "मुसिकोट नगरपालिकाको शिक्षा नियमावली (दोश्रो संसोधन ) २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. **मूल नियमावलीको नियम ५६क को उपनियम ८ मा संसोधन** ः मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम ५६क को उपनियम ८ को सट्टा देहायको उपनियम राखिएको छ ः

(८) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यरत विद्यालय र सरुवा भई जाने विद्यालयको सहमति भएमा शिक्षकलाई प्रमुख प्रशासकीय अधिकृतले अन्तरपालिकाको हकमा सरुवा सहमति दिन र मुसिकोट नगरपालिका भित्रको हकमा सरुवा गर्न सक्नेछ ।

३. मूल नियमावलीको नियम २६ को उपनियम १ मा संसोधन

मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २६ को उपनियम १ को घ पछि देहायको घ१ थप गरिएको छ ः

घ१ नगर शिक्षा समितिले स्थानीय शिक्षा प्रेमीबाट मनोनित गरेको १ जना .....सदस्य

**प्रमाणिकरण मिति**
२०७६।१०।०६

**आज्ञाले,**
**नवराज भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू १०**

मुसिकोट राजपत्र